# कार्यपालिकाको निर्णय
# प्रमाणित पुस्तिका
# वैठक संख्या - १३।२०७५-०७६


फेदाप गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम

१ नं. प्रदेश, नेपाल

Contact No:- 9852080500 (Chairperson), 9852080600 (Chief Administrative Officer), 9852080700 (Vice Chairperson)

E-mail:-fedap.ruralmun@gmail.com

Facebook:- http://www.facebook.com/fedap.rural.municipality

Website:- http://www.phedapmun.gov.np

फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अः- ९८५२०८०६००

यस गाउँ कार्यपालिकाका अध्यक्ष श्री हरी प्रसाद चोङवाङ (लिम्वु) ज्यूको अध्यक्षतामा, कार्यपालिकाका १३ जना सदस्यको उपस्थितिमा कार्यपालिकाको वैठक (वैठक संख्या – १३।२०७५-०७६) मिति २०७५।०९।२६ गते बिहिबार गाउँ कार्यपालिकाको कार्यालयमा सम्पन्न भई निम्नानुसारको निर्णय भएको व्यहोरा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा १ (ज) को अधिनमा रही प्रमाणित गरेको छु ।

निम्नः

१. करारका कर्मचारीहरुको म्याद थप संबन्धमा

यस गाउँपालिका अन्तर्गत सेवा करारमा कार्यरत निम्नानुसारको कर्मचारीहरुको सेवा करार म्याद २०७५ पुष मसान्तमा समाप्त भएकोले निजहरुको हाल सम्मको कार्यसम्पादन सन्तोषजनक देखीएको भनि वडा कार्यालय, स्वास्थ्य चौकी, बिषयगत शाखा तथा कर्मचारी प्रशासन शाखाबाट सिफारिस आएकोले निम्नानुसारको कर्मचारीहरुलाई निम्नानुसारको सेवा सुविधा थप गरी सेवा करार संझौता २०७६ असार मसान्त सम्मको लागि सेवा करार संझौता म्याद थप गर्ने ।

निम्नः

| क्र.सं. | नाम थर | पद | कार्यालय | तलव स्केल (मासिक) | व्यहोरिने स्रोत | अन्य सुविधा |
|---|---|---|---|---|---|---|
| १ | जर्मन सुब्बा | सूचना प्रविधि अधिकृत | गाउँ कार्यपालिकाको कार्यालय | रु. ३०,५००।- | ७५% - LGCDP<br>२५% - गाउँपालिका (चालू खर्च - करार सेवा शुल्क) | |
| २ | मनिष मास्के | इन्जिनियर | गाउँ कार्यपालिकाको कार्यालय | रु. ३०,५००।- | चालु खर्च – करार सेवा शुल्क | फिल्ड भत्ता – मासिक खाईपाई आएको तलबभत्ताको २५% |
| ३ | लोकेश लिम्बु | सव – इन्जिनियर | गाउँ कार्यपालिकाको कार्यालय | रु. २३,५००।- | चालु खर्च – करार सेवा शुल्क | |
| ४ | रुद्र प्रसाद खनाल | कम्प्युटर अपरेटर | गाउ कार्यपालिकाको कार्यालय | रु. २३,५००।- | चालु खर्च – करार सेवा शुल्क | |
| ५ | गोपाल खाती | का.स. | गाउँ कार्यपालिकाको कार्यालय | रु. १४,०००।- | चालु खर्च – करार सेवा शुल्क | |
| ६ | प्रकाश लिम्बु | का.स. | गाउँ कार्यपालिकाको कार्यालय | रु. १४,०००।- | चालु खर्च – करार सेवा शुल्क | |
| ७ | राम सिंगक | प्रशासन सहायक | १ नं. वडा कार्यालय, सिम्ले | रु. १५,०००।- | चालु खर्च – करार सेवा शुल्क | |
| ८ | विक्रम सुवेदी | का.स. | १ नं. वडा कार्यालय, सिम्ले | रु. १४,०००।- | चालु खर्च – करार सेवा शुल्क | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | अमृता दुलाल | का.स. | ३ नं. वडा कार्यालय, जलजले | रु. १४,०००।- | चालु खर्च – करार सेवा शुल्क | |
| १० | पदम वहादुर लिम्बु | का.स. | ४ नं. वडा कार्यालय, सम्दु | रु. १४,०००।- | चालु खर्च – करार सेवा शुल्क | |
| ११ | डोलेश्वर लिम्बु | का.स. | पशु सेवा केन्द्रसम्दु , | रु. १४,०००।- | चालु खर्च – करार सेवा शुल्क | |
| १२ | प्रेम कुमारी सुहाङ | प्रशासन सहायक | ५ नं. वडा कार्यालय, इसिबु | रु. १५,००० | चालु खर्च – करार सेवा शुल्क | |
| १३ | समिक्षा हाङसरुम्बा | का.स. | ५ नं. वडा कार्यालय, इसिवु | रु. १४,०००।- | चालु खर्च – करार सेवा शुल्क | |
| १४ | सिनामी लिम्बु | अ.न.मि. | स्वास्थ्य चौकी , पोक्लावाङ | रु. १८,०००।- | सशर्त अनुदान + गाउँपालिकाको विनियोजित बजेट | |
| १५ | मदन कुमारी मादेम्वा | अ.न.मि. | स्वास्थ्य चौकी , ओयाक्जुङ | रु. १८,०००।- | सशर्त अनुदान + गाउँपालिकाको विनियोजित बजेट | |
| १६ | विनिता घिसिङ | अ.न.मि. | स्वास्थ्य चौकी, सम्दु | रु. १८,०००।- | सशर्त अनुदान + गाउँपालिकाको विनियोजित बजेट | |
| १७ | प्रकाश भट्टराई | का.स. | स्वास्थ्य चौकी , पोक्लावाङ | रु. १३,०००।- | सशर्त अनुदान + गाउँपालिकाको विनियोजित बजेट | |
| १८ | कविता जोगी | का.स. | स्वास्थ्य चौकी , ओयाक्जुङ | रु. १३,०००।- | सशर्त अनुदान + गाउँपालिकाको विनियोजित बजेट | |
| १९ | करिश्मा जोगी | का.स. | स्वास्थ्य चौकी , जलजले | रु. १३,०००।- | सशर्त अनुदान + गाउँपालिकाको विनियोजित बजेट | |
| २० | राजमान नेवार | का.स. | स्वास्थ्य चौकी, सम्दु | रु. १३,०००।- | सशर्त अनुदान+ गाउँपालिकाको विनियोजित बजेट | |
| २१ | देवीमाया निरौला | का.स. | स्वास्थ्य चौकीइसिवु , | रु. १३,०००।- | सशर्त अनुदान + गाउँपालिकाको विनियोजित बजेट | |

फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५
उपाध्यक्षः-९८५२०८०७
प्र.प्र.अः- ९८५२०८०६

**२. महंगी भत्ता संबन्धमा**

निर्णय नं. १ बमोजिम सेवा करार म्याद थप भएका यस गाउँपालिका र वडा कार्यालयमा कार्यरत (स्वास्थ्य चौकी बाहेक) कर्मचारीहरुलाई मासिक रु. २,०००।– दुई हजारको दरले महंगी भत्ता उपलब्ध गराउने र उक्त रकम आ.व. २०७५।०७६ को सुरु देखी नै उपलब्ध गराउने ।

**३. प्राविधिक कर्मचारीको फिल्ड सुविधा संबन्धमा**

यस गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता बापत निर्णय नं. १ बमोजिम मासिक खाई पाई आएको तलब भत्ताको २५% फिल्ड भत्ता बाप थप सुविधा दिने र उक्त रकम आ.ब. २०७५।०७६ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत चालु शिर्षकको करार सेवा शुल्कमा बिनियोजित बजेटबाट उपलब्ध गराउने । उक्त सुविधा नव नियुक्त प्राविधिक कर्मचारीहरुको हकमा पनि लागु हुने । साथै यसरी थप सुविधा उपलब्ध गराउँदा अपुग रकम कन्टिन्जेन्सी बाट ब्यहोर्ने ।

**४. स्वास्थ्य चौकीमा कार्यरत का.स. हरुको तलब भत्ता संबन्धमा**

यस गाउँपालिकालाई संघीय सरकारबाट सशर्त अनुदानको रुपमा उपलब्ध पाले, स्वीपर, गार्ड, बगैंचे, का.स
आदिको सेवा करारमा लिने शिर्षकमा रु. ६,००,०००।– उपलब्ध भएकोमा आ.ब. २०७५।०७६ को श्राव
देखी रु. १०,०००।– को दरले हाल सम्म रु. ३,००,००० खर्च भई बांकी रकम रु. ३,००,०००।– रहेक
। चालु आ.ब. २०७५।०७६ को बांकी अवधिको लागि मासिक तलब भत्ता रु. १३,०००।– (अक्षरेपी ते
हजार) को दरले सेवा करार थप गर्ने र नपुग रकम रु. ९०,०००।– (नब्बे हजार) दोस्रो गाउँसभाबाट विनियोज
गर्न सम्मानित सभा समक्ष सिफारिस गर्ने ।

**५. स्वास्थ्य चौकीमा कार्यरत अ.न.मि. हरुको तलब भत्ता संबन्धमा**

यस गाउँपालिकालाई संघीय सरकारबाट सशर्त अनुदानको रुपमा उपलब्ध बर्थिङ सेन्टरमा कार्यरत अ.न.मि. हरु
लागि तलब भत्ता शिर्षकमा रु. २,६६,०००।– उपलब्ध भएकोमा आ.ब. २०७५।०७६ को श्रावण देखी
१३,०००।– को दरले हाल सम्म रु. २,३४,०००।- खर्च भई बांकी रकम रु. ३२,०००।– रहेको
उक्त रकममा यस गाउँपालिकाको आ.ब. २०७५।०७६ को गाउँसभा बाट विनियोजन भएको बर्थिङ सेन्ट
अ.न.मि. हरुको लागि तलब शिर्षकको रकम रु. २,०२,०००।– थप गरी कुल २,३४,००० बनाई चालु आ
२०७५।०७६ को बांकी अवधिको लागि मासिक तलब भत्ता रु. १८,०००।– को दरले सेवा करार थप ग
नपुग रकम रु. ९०,०००।- दोस्रो गाउँसभाबाट विनियोजन गर्न सम्मानित सभा समक्ष सिफारिस गर्ने

**६. योजना संझौता गर्ने अन्तिम म्याद संबन्धमा**

फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

अध्यक्षः- ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अ:- ९८५२०८०६००

यस गाउँपालिको आ.ब. २०७५।०७६ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गतका सम्पुर्ण योजना/कार्यक्रमहरुको संझौता गर्ने अन्तिम म्याद माघ २५ गते निर्धारण गर्ने र सोही अनुसार सम्पुर्ण वडा कार्यालयहरुलाई पत्राचार गर्ने । वडा कार्यालयहरुले यथाशिघ्र आफ्नो वडा मा संचालन हुने योजना/कार्यक्रम हरुको उ.स. लाई गाउँपालिकामा संझौताको लागि पठाउने ।

**७. खोरुंगा खोलामा वारी पट्टीको पुल निर्माण संबन्धमा**

खोरुंगा खोलामा अवस्थित काठको पुल वारी पट्टीको भूभागमा आवश्यक मर्मत संभार गरी दुई पांग्रे सवारी साधनको आवतजावतमा सहजिकरण गर्न आवश्यक बजेट बिनियोजन सहित योजना कार्यान्वयन गरिदिनु हुन भनि फेदाप - २, ओयाक्जुङका सुरेन्द्र प्रसाद दुलाल समेत १३ जनाको निवेदन तथा २ नं. वडा कार्यालयको च.नं. ४२१ मिति २०७५।०९।२३ को पत्रानुसार पनि सोही ब्यहोराको सिफारिस आएकोले तत्कालिन आवश्यकतालाई मध्यनजर गर्दै आ.ब. २०७५।०७६ को स्विकृत पुंजिगत योजनाहरुको कन्टिन्जेन्सी रकम बाट खर्च हुने गरी रु. १,३५,०००।- (अक्षरेपी एक लाख पैंतिस हजार) बिनियोजन गर्ने साथै उक्त योजना अमानतबाट कार्यालयले आफै संचालन गर्ने ।

७५।१०।८.

सुमन लिम्बु
प्रमुख प्रशासकीय अधिकृत